संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज १६ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै आकस्मिक समय माग गर्नुहुँदै मा० श्री धवल शम्मशेर ज.ब.रा.ले बाँकेको नेपालगञ्जमा दुई समुदायबीच झडप हुँदा भर्खरै कर्फ्यु लागेको जानकारी गराउँदै देशका विभिन्न स्थानमा हुने यस्ता हिंसाका घटनाहरु समाधान गर्न सकारको ध्यानाकर्षण गराउनु भयो साथै यस्ता घटनाहरु गराउने जडको रुपमा रहेको साइबर क्राइममा संलग्नलाई तत्काल कारवाही गर्नुपर्ने भन्नुहुँदै नेपालगञ्जका दुवै समुदायलाई सद्भाव कायम राखी शान्तीपूर्ण विरोध गर्न अनुरोध पनि गर्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अजय कुमार चौरसिया
३. मा० श्री अम्बिका बस्नेत
४. मा० श्री अन्जनी श्रेष्ठ
५. मा० श्री अर्जुन नरसिंह के.सी.
६. मा० श्री अमृता देवी अग्रहरी
७. मा० श्री अस्मा कुमारी चौधरी
८. मा० श्री असिम शाह
९. मा० श्री ईश्वर बहादुर रिजाल
१०. मा० श्री ईश्वरी घर्ती
११. मा० श्री ईश्वरी देवी न्यौपाने
१२. मा० श्री उदय शम्शेर ज.ब.रा.
१३. मा० श्री उर्मिला माझी
१४. मा० श्री एकनाथ ढकाल
१५. मा० श्री ऐन बहादुर शाही ठकुरी
१६. मा० श्री किरण कुमार साह
१७. मा० श्री गगन कुमार थापा
१८. मा० श्री गणेश पराजुली
१९. मा० श्री गिता बस्नेत
२०. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
२१. मा० श्री गोमा लाभ (सापकोटा)
२२. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२३. मा० श्री जुली कुमारी महतो (महासेठ)
२४. मा० श्री अशोक कुमार चौधरी
२५. मा० श्री कालुराम राई

तत्पश्चात प्रतिनिधि सभामा विपक्षी दलका नेता मा० श्री के.पी. शर्मा ओलीले एसिड पिडितलाई सरकारले उपचारको व्यवस्था गर्न नसकेको सरकारले आक्रमणकर्तालाई भने माफी दिएको, व्यक्ति हत्यामा अदालतबाट दोषी ठहरी सजाय भोगिरहेकालाई सरकारले राष्ट्रपति मार्फत् सजाय माफी गराएको, सुन तस्करीमा संलग्नलाई कागज गरी छोडेको तर बहालवाला प्रतिनिधि सभा सदस्यलाई अपराधी सरह पक्रेको, शान्ती प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आफु नेतृत्वको सरकारले प्रयास गरेपनि हाल सरकारमा रहेका पार्टीबाट सहयोग नभएको लगायतका विविध विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री रामकृष्ण यादव
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री हरी ढकाल
५. मा० श्री ध्रुवबहादुर प्रधान
६. मा० श्री प्रदिप यादव
७. मा० श्री शेर बहादुर कुंवर
८. मा० श्री अब्दुल खान
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री लालविर चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्र बहादुर के.सी.
१३. मा० श्री प्रभु साह
१४. मा० डा० अमरेश कुमार सिंह

१५. मा० श्री योगेन्द्र मण्डल
१६. मा० श्री रमा कोईराला पौड्याल
१७. मा० श्री हरिप्रसाद उप्रेती
१८. मा० श्री राजेन्द्र बजगाई
१९. मा० श्री तारा लामा तामाङ
२०. मा० श्री सरिता भुसाल
२१. मा० श्री बासुदेव घिमिरे

यसैबीच मा० श्री रमा कोईराला पौड्यालले बोलीसकेपछि समय माग गर्नुहुँदै मा० श्री निशा डागीले सदन चलिरहेको बेलामा बझाङ्गको चैनपुर केन्द्रविन्दु बनाएर ५.३ म्याग्नेच्यूडको भुकम्प गएको र उक्त भुकम्पले सर्वसाधारणका घर, विद्यालय, सडक भत्किएको र सञ्चारसमेत अवरुद्ध भएकोले नेपाल सरकार तथा सम्बन्धित निकायलाई उद्धार तथा राहतमा खटिन ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विद्युत विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता मा० ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्न लाग्नु हुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ६६ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी कार्यक्रम हटाइएको जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज १८ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५:३० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव